# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल


पत्र सं.: २०८०/०८१
चलानी नं.

मितिः- २०८१।०३।३१

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ बमोजिम आ. व. २०८१।८२ को श्रावण १ गते देखी भदौ मसान्त सम्ममा दर्ता नविकरण गरिसक्नु पर्ने भएकोले नविकरण गर्न सम्बन्धित वडा कार्यालय जादाँ आफूसँग उपलब्ध राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको दर्ता निस्सा कपि सहित तपशिल बमोजिमको कागजातहरु लिएर जानु हुन अनुरोध गरिन्छ ।तसर्थ तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण नभए प्रणाली मार्फत स्वतः लाभग्राहीको लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुनः सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. अन्य जेष्ठ नागरिक र जेष्ठ नागरिक दलितको हकमाः- नागरिकताको फोटोकपी १ प्रति, सामाजिक सुरक्षा भत्ता परिचयपत्र र पि. पि. साईजको फोटो १ कपि,

२. जेष्ठ नागरिक एकल महिलाको हकमाः – माथि उल्लेखित १ नं. बुंदाको कागजात सहित विवाह नगरि बसेको भए अविवाहित प्रमाणित कागजात, विधवा भएमा पतिको मृत्यु दर्ता र सम्बन्ध विच्छेद गरेको हकमा सम्बन्ध विच्छेदको प्रमाणित कागजात र न्यायीक पृथकीकरण गरी बसेको भए सोको प्रमाणित कागजात,

३. विधुवा महिलाको हकमाः- माथि उल्लेखित १ नं. बुंदाको कागजात सहित पतिको मृत्यु दर्ताको प्रमाणपत्र

४. अपाङ्गताको हकमाः- माथि उल्लेखित १ नं. बुंदाको कागजात(१६ बर्ष मुनिको भए जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि) सहित गाउँपालिकाबाट उपलब्ध गराईएकोअपाङ्गता परिचयपत्र, संरक्षकको पि. पि. साईजको १ प्रति फोटो र नागरिकताको फोटोकपी १ प्रति,

५. दलित बालबालिकाको हकमाः- जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र पि. पि. साईजको १ कपि फोटो सहित संरक्षकको नागरिकताको फोटकपि १ प्रति र पि. पि. साईजको फोटो १ कपि आदी ।

२०८१।०३।३१

............................
विजय कुमार थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. श्री सूचना प्रविधि शाखा- Web Site मा सूचना Upload गरिदिनु हुन ।
२. श्री वडा कार्यालय सबै- सूचना पार्टी र आ-आफ्नो वडा भित्र सूचना टास गरिदिनु हुन ।